(प्रथम बैठक)

आज मिति २०८१/०४/३० गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिल पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री रुपेश बहादुर प्रधान(का.बा वडा अध्यक्ष)

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शेर्पा

७. सदस्य : श्री दावा त्यम्बा शेर्पा

८. सदस्य : श्री वच्चु धतानी

९. सदस्य : श्री आङ छिरिङ शेर्पा

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री दीपक दाहाल

आमन्त्रितहरु :

- श्री गंगाप्रसाद पौडेल प्र.प्र.अ.
- श्री अनिशा अधिकारी लेखापाल
- श्री मनोज श्रेष्ठ कम्प्युटर अपरेटर
- श्री प्रद्युम्न जोशी ग्रा.प्र.

**प्रस्तावहरु**

१) तातोपानी धारा संरक्षण गर्न लगाइएको प्लम वाल योजनाको सम्झौता अनुमोदन सम्बन्धमा

२) १ नं वडा भवन निर्माण सम्बन्धमा

३) कार्यविधि संसोधन सम्बन्धमा

४) आ.व २०८१/०८२ को योजना कार्यान्वयनको बारेमा के कति रकमको योजना ठेक्का बाट र के कति रकम रकमका योजना उपभोक्ता समिति मार्फत गर्ने सम्बन्धि छनौट सम्बन्धमा

५) विविध

क) एक वडा एक कृषि उत्पादन कार्यक्रमको वडा छनौट सम्बन्धमा

ख) १४ औं गाउँसभाको नीति तथा कार्यक्रमको प्रत्यक्ष प्रशारणको भुक्तानी सम्बन्धमा

ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिपत्रको बारेमा छलफल सम्बन्धमा

घ) अतिथि सत्कारको रकम भुक्तानी सम्बन्धमा

ङ) आ.व २०८१/०८२ को आर्थिक ऐन सन्दर्भमा

च) कक्षा ११ को अनुमति सम्बन्धमा

छ) सरुवा सहमति सम्बन्धमा

**निर्णयहरु**

१) यस भोटेकोशी गाउँपालिकामा मिति २०८१/३/२३ गतेको भोटेकोशी नदीको बहाब बढी यस गाउँपालिका वडा नं २ अन्तर्गत रहेको तातोपानी धारा उत्तर पट्टिको कोप्लाङ बस्ति तथा अरनिको राजमार्ग भन्दा तल भोटेकोशीको बहाव क्षेत्रमा संघिय निकाय बाट निर्माण गरिको प्लम र ग्याबिन सहितको नदि नियन्त्रण का र्य आधा ढल्किएर भत्कने अवस्था देखिएकोले उक्त निर्माण कार्य नदीमा पल्टिएमा नदीको बहाब माथि चढी तातोपानी धारा क्षेत्र तर्फ निर्माणाधीन संरचनाहरुमा कटान गरि तातोपानी बजार सहितलाई क्षति पुऱ्याउने देखिएकोले सोको पूर्व तयारि रोकथाम अन्तर्गत अविलम्ब वडा विपद व्यवस्थापन समितिको सिफारिस तथा प्राविधिक निरिक्षण बाट तत्काल बाँध बाधी तातोपानी धारा तथा बस्ति संरक्षण गर्नुपर्ने अवस्था देखिएकोले प्रकोप व्यवस्थापन कोष बाट प्राविधिक लागत अनुसार **कोप्लाङ बस्ति तथा तातोपानी धारा संरक्षण**को लागि रु १२ लाख विनियोजन सिफारिस विपद व्यवस्थापन समिति बाट भएको हुँदा उक्त विनियोजित रकम अनुमोदन गरि भुक्तानी गर्ने निर्णय गरियो ।

NIM

Scanned with CamScanner

२) जिल्ला समन्वय समिति तथा गाउँपालिकाको साझेदारीमा निर्माण हुने १ नं वडा कार्यालय भवन निर्माणको लागि १४ औं गाउँसभा बाट रु १ करोड २३ लाख ४८ हजार विनियोजन भएकोमा प्राविधिक शाखा बाट १ करोड ४५ लाखको लागत अनुमान तयार भएकोले स्रोत सुनिश्चित गरि विधुतीय बोलपत्र द्वारा ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

३) भोटेकोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५ मा देहायका दफाहरु तत्काल संशोधन गरि कार्यान्वयन गर्न पर्ने भएकोले संलग्न ३ महले संशोधित कार्यविधि संसोधन गर्ने निर्णय गरियो ।

**भोटेकोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधी २०७५**

| झिक्ने | थप्ने | कारण |
|---|---|---|
| क.शैक्षिक योग्यता वापत- ६०(साठी)अंक,(विशिष्ट श्रेणी वापत ६०,प्रथम श्रेणी वापत५५,द्वितीय श्रेणी वापत ५०,तृतीय श्रेणी वापत४५,(त्रिभुव (विश्वविघालयको अंक गणनाका आधारमा) | १(क)छनोट सम्बन्धी व्यवस्था परिक्षाको किसिम र अंक निर्धारणः-<br>(क) लिखित परिक्षा - १००अंक<br>(ख)प्रयोगात्मक परिक्षा - १०० अंक<br>(प्रयोगात्मक परिक्षा लिनुपर्ने हकमा मात्र)<br>(ग) अन्तरवार्ता -२०अंक | लिखित परिक्षाको व्यवस्था नभएकोले थप गर्नु पर्ने । |
| ४को दफा (३) को क मा संशोधन | (२)शैक्षिक योग्यता<br>(क)प्रथम श्रेणी वा विशिष्ट श्रेणी वापत ३(तिन)अंक<br>(ख)द्वितीय श्रेणी वापत २.५(दुई दंशमलव पाँच) अंक<br>(ग)तृतिय श्रेणी वापत २(दुई) अंक | शैक्षिक योग्यता वापतको अंक अधिक रहेकोले शंशोधन गरीएको । |

४) आ.व २०८१/०८२ को योजना कार्यान्वयनको लागि योजनाको कुल लागतको ३०% सम्म मेशिनरी उपकरण प्रयोगको हकमा उपभोक्ता समिति मार्फत र सो भन्दा बढी मेशिनरि उपकरण प्रयोग गर्नुपर्ने अवस्था भएमा ठेक्का प्रकृया मार्फत गर्ने निर्णय गरियो ।

५) विविध

NIM

Scanned with CamScanner

क) बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौडा मकवानपुको मिति २०८१/०४/१५ गतेको पत्र तथा सूचना अनुसारसमुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन गर्न यस कार्यालयको साझेदारी प्रतिबद्दता सहित तपसिल बमोजिमको वडा छनौट गर्ने निर्णय गरियो।

| क्रस | वडा | कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १ | आलु | कृषि बालि |
| २ | वडा नं ३ | चौरी | पशुपन्छी |

ख) १४ औं गाउँसभाको नीति तथा कार्यक्रमको प्रत्यक्ष प्रशारण र भिडियो रेकर्डको रकम रु ३३ हजार ९ सय गा.पा चालु कार्यक्रम खर्च बाट भुक्तानी दिने निर्णय गरियो।

ग) विभिन्न मितिमा यस भोटेकोशी गाउँपालिकाको कार्यालयलाई अख्तियार अनुसन्धान दुरुपयोग आयोग बाट प्राप्त भएको परिपत्र बारेमा छलफल गरियो।

घ) **Shigatse City Public Security Bureau, Xizang Autonomous Region, PRC** को विपद सामग्री हस्तान्तरण सिलशिलामा सहभागी प्रतिनिधिहरुको अतिथि सत्कार बापतको खर्च रु ९७,३३० गा.पा चालु अतिथि सत्कारबाट भुक्तानी दिने निर्णय गरियो।

ङ) आ.व २०८१/०८२ आर्थिक ऐनमा भएका शिर्षकहरुमा छलफल गरि तपसिलको शिर्षकमा नाम र आधार प्रस्ट पारियो।

- अनुसूची ९ मा भएको उद्योग व्यवसाय इजाजत दस्तुरलाई घ वर्गको निर्माण व्यवसाय इजाजत दस्तुर समेत थप गरि शिर्षक राख्ने र दर्ता शुल्क सोहि दरमा लिने तर नविकरण पुंजीको आधारमा अनुसूची ४ दफा ५ को उपदफा ६ अनुसार गर्ने,
- व्यवसाय नविकरण भएको ठाउमा व्यवसाय दस्तुर थप गरि राख्ने
- अनुसूची ४ उपदफा ६ को निर्माण व्यवसाय फर्म भएकोमा व्यवसाय फर्म थप गरि राख्ने

NIM

Scanned with CamScanner

च) भोटेकोशी गाउँपालिका वडा नं ५ अन्तर्गत रहेको श्री मार्मिङ माध्यमिक विद्यालयलाई कक्षा ११ संचालन गर्न आवश्यक देखि मिति २०८१/०४/३० गते गाउँ शिक्षा समितिले समेत सिफारिस पेश गरेको हुँदा श्री मार्मिङ माध्यमिक विद्यालयलाई कक्षा ११ संचालनको लागि अनुमति दिने निर्णय गरियो।

छ) श्री कोदारी मा.वि मा कार्यरत प्रा.वि स्थायी शिक्षक श्री राधा गौतमलाई जिल्लान्तर सरुवा भई जान सहमति दिने निर्णय गरियो।

ज) भोटेकोशी गाउँपालिका वडा नं २ बसोबास गर्ने गणेश घतानीको छोरी अस्मिता घतानी विरामी भै मस्तिष्क घात भएको हुँदा रु १ लाख स्वास्थ्य आपतकालिन उपचार कोष बाट आर्थिक सहायता दिने निर्णय गरियो।

Scanned with CamScanner